नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह सामन्वय शाखा)

पत्र संख्याः २०८२।०८३
चलानी नं.: ५४१

मितिः २०८३।०३।३२
ने.सं.: ११४६

विषयः पोषण सहजकर्ताको परिचालन सम्बन्धमा।

गाउँपालिका/नगरपालिका,
पोषणसहजकर्ता प्रबन्ध भएका सबै (४२१)।

नेपाल सरकारको बहुक्षेत्रीय पोषण योजना तेस्रो (आ.व. २०८०/०८१-२०८७/०८८) को लक्ष्य हासिल गर्न कार्यान्वयनमा रहेको बहुक्षेत्रीय पोषण कार्यक्रम (ब.उ.शि.नं. ३६५००१०६) को आगामी आ.व. २०८३/०८४ को सशर्त वित्तीय हस्तान्तरण अन्तर्गत तहाँ स्थानीय तहबाट नियुक्त भएका तथा हुने पोषण सहजकर्ताको पारिश्रमिक समेत समावेश भएको व्यहोरा अवगतै छ । सो बमोजिम बहुक्षेत्रीय पोषण कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ मा भएको व्यवस्था अनुसार पोषण सहजकर्ताको कार्यसम्पादन मूल्याङ्कन गरी तोकिएबमोजिम परिचालन गर्नु/गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

३।३२
(दीपेश कट्टेल)
शाखा अधिकृत

बोधार्थः
श्री अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखा, सिंहदरबार, काठमाडौं ।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाण्डौं ।
श्री सूचना तथा प्रविधि शाखा शाखा, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः वेबसाईटमा अपलोड गरिदिनुहुन।